## बैठक संख्या (८)

आज मिति २०८१/१०/०४ गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती:-**

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(वडा अध्यक्ष) श्री बलदेव सिह चाड

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन वहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

बिमला (का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री नरेन्द्र सिह महता

**आमन्त्रित:-**

श्री महेश सिह महता (सूचना प्रविधि अधिकृत)

**प्रस्तावहरुः-**

१. शिवनाथ गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन, २०८१ सम्बन्धमा ।
२. शिवनाथ गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०८१ सम्बन्धमा ।
३. शिवनाथ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ सम्बन्धमा ।
४. समपूरक कोष सम्बन्धमा ।
५. अघिल्लो बैठक समिक्षा सम्बन्धमा ।
६. करार कर्मचारीको म्याद थप सम्बन्धमा ।
७. संस्था सूचीकृत सम्बन्धमा ।
८. विज्ञापन सम्बन्धमा ।
९. जिम्मेवारी सम्बन्धमा ।
१०. वाईक मर्मत खर्च सम्बन्धमा ।
११. सूचना सामाग्री खरिद सम्बन्धमा ।
१२. पदाधिकारी ईन्धन सम्बन्धमा ।
१३. समिति गठन सम्बन्धमा ।

**निर्णयहरुः-**

निर्णय नं. (१) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन, २०८१ माथि आवश्यक छलफल गरी उक्त ऐनलाई गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. (२) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०८१ माथि आवश्यक छलफल गरी उक्त ऐनलाई गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. (३) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ माथि आवश्यक छलफल गरी उक्त ऐनलाई गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. (४) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकामा चालू आर्थिक वर्ष २०८१/०८२ मा जलवायू परिवर्तन स्थानीय अनुकुलन कार्यक्रम (LACC) अन्तर्गत यस पालिकाभित्र छनौट हुने / कार्यान्वयन हुने योजनाहरुका लागि आवश्यक पर्ने समपूरक रकम (कोष) को पूर्ण प्रतिवद्धता जाहिर गर्ने निर्णय पारित गरियो ।साथै चालू आ.व.मा LACC कार्यक्रम सञ्चालनको लागि रु ६० लाख समपूरक कोषबाट खर्च हुने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. (५) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाका बैठकहरुमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (६) यस शिवनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा सम्झौता गरिएका सम्पूर्ण करार तथा ज्यालादारी कर्मचारीहरुको मिति २०८१ पौष मसान्तमा करार सम्झौता सकिएकोले मिति २०८१ माघ

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१ गतेदेखि मिति २०८२ असार मसान्तसम्मको लागि करार सेवाका सम्पूर्ण कर्मचारीहरुको म्याद थप गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. (७) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिका अन्तर्गतका तपसिलका स्वास्थ्य संस्था/कर्मचारीहरुलाई सुरक्षित गर्भपतन सेवा प्रदायक संस्था सूचीकृत गर्ने निर्णय गरियो ।

तपसिलः-

१. शर्माली स्वास्थ्य चौकी – शिवनाथ २, बैतडी (लक्ष्मी मल्ल)

२. श्रीपूर आधारभुत स्वास्थ्य सेवा केन्द्र – शिवनाथ ३, बैतडी (पार्वती भाट)

३. उदयदेव स्वास्थ्य चौकी – शिवनाथ ४, बैतडी (गिता प्रजा)

४. उदयदेव आधारभूत स्वास्थ्य सेवा केन्द्र – शिवनाथ ५, बैतडी (सिर्जना कुमारी सिंह)

५. शिवनाथ स्वास्थ्य चौकी – शिवनाथ ६, बैतडी (मेनुका चौलागाई)

निर्णय नं. (८) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिका अन्तर्गत रहेका सुरक्षित प्रसुति सेवा ईकाइहरुमा रिक्त अ.न.मी पद संख्या २ करारमा पदपूर्ती गर्न विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. (९) माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१/०८/०४, च.नं. ९४७ को निर्णयानुसार यस शिवनाथ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री सरोज पाण्डेय (क.स.न. २१४१७९) यस गाउँपालिकाबाट मिति २०८१ मंसिर १० गते रमना लिई जानु भएको हुँदा शिवनाथ गाउँपालिका, बैतडीको दैनिक कामकाज ठप्प रहेकोले अब उपरान्त पालिकामा कार्यरत जेष्ठ कर्मचारी जनस्वास्थ्य निरीक्षक (अधिकृत छैठौं ) श्री नरेन्द्र सिह महता(क.स.न. १९४३०८)लाई दैनिक प्रशासनीक तथा योजना सम्झौता, ठेक्का आह्वान लगायतका कार्य गर्न अर्को व्यवस्था नभएसम्मका लागि जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं. (१०) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाकोले आ.व. २०८१/०८२ बाट वडा अध्यक्षको हकमा बाईक मर्मत बाफत बार्षिक रु ३० हजार उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

निर्णय नं. (११) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाकोले आ.व. २०८१/०८२ मा गाउँ सभा सदस्यहरुलाई सूचना आदान प्रदान सहजताको लागि (एक पटक) मोवाईल सेट खरिद गरी दिने निर्णय गरियो ।

निर्णय नं. (१२) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाकोले आ.व. २०८१/०८२ मा वडा अध्यक्षहरुलाई प्रदेश स्थानीय तहका पदाधिकारीहरुले इन्धन सुविधा अनुसार २० लिटरसम्म उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. (१३) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाकोले सार्वजनकि लेखा समिति र विधायन समिति गठनका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत